# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं,पुस १६ गते २०६४ साल (संख्या ३७


## भाग ३

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको
सूचना

**पाटन संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६४**

पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम **"पाटन संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६४"** रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ को दफा २ मा संशोधन** : पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ (यसपछि **"मूल आदेश"** भनिएको) को दफा २ को खण्ड (ख) मा देहायको खण्ड (ख१) थपिएको छ :-

**"ख१) कार्यकारी निर्देशक"** भन्नाले दफा ७ बमोजिम नियुक्त वा तोकिएको **"कार्यकारी निर्देशक सम्झनु पर्छ ।"**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल आदेशको दफा ३ मा संशोधन** : मूल आदेशको दफा ३ को
(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | सह-सचिव, संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | -अध्यक्ष |
| (ख) | प्रतिनिधि (रा.प.द्वितीय श्रेणी), पुरातत्व विभाग | -सदस्य |
| (ग) | कार्यकारी अधिकृत, ललितपुर उप-महानगरपालिका | -सदस्य |
| (घ) | संग्रहालय सम्बन्धी विशेषज्ञहरु मध्येबाट एकजना महिला सहित नेपाल सरकारले मनोनीत गरेको तीनजना | - सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, पाटन संग्रहालय | - सदस्य सचिव |

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-
"(२क) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि बढीमा चार वर्षको हुनेछ।"

४. **मूल आदेशको दफा ७ मा संशोधन** : मुल आदेशको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ -

"(७) कार्यकारी निर्देशक: (१) संग्रहालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) समितिले तोकिएको योग्यता पुगेको व्यक्तिलाई खुल्ला प्रतिस्पर्धाद्वारा कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कार्यकारी निर्देशकको नियुक्ती नभएसम्मको लागि नेपाल सरकारले नेपाल शिक्षा सेवा, पुरातत्व समूहमा कार्यरत राजपत्रांकित द्वितीय श्रेणीको कुनै कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि बढीमा चार वर्षको हुनेछ।

(५) कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा नियत खराब आचरण भएमा समितिले कार्यकारी निर्देशकलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि कार्यकारी निर्देशकलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल आदेशको दफा ८ मा संशोधन** : मूल आदेशको दफा ८ को,-

(१) उदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :

"(१) समितिको लागि आवश्यक पर्ने कर्मचारीहरु समितिको श्रोतबाट खर्च व्यहोर्ने गरी समितिले तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिम समितिका कर्मचारीहरुको नियुक्ति नभएसम्मको लागि नेपाल सरकारको कुनै कर्मचारीलाई समितिबाट तलब खाने गरी नेपाल सरकारले समितिमा काज खटाउन सक्नेछ ।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (१क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

६. **मूल आदेशको दफा ९ मा संशोधन** : मल आदेशको दफा ९ को उपदफा (२) मा रहेका **"तोकिए बमोजिम"** भन्ने शब्दहरुको सट्टा **"नेपाल सरकारले तोके बमोजिम"** भन्ने शब्दहरु राखिएका छन् ।

७. **मूल आदेशको दफा १३ मा संशोधन** : मूल आदेशको दफा १३ मा रहेका **"युवा, खेलकुद तथा संस्कृति मन्त्रालय"** भन्ने शब्दहरुको सट्टा **"संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय"** भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**
**लीलामणि पौड्याल**
**नेपाल सरकारको सचिव**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।